निर्णय :-
हालसम्म त्रियुगा नदीले यस जिल्लामा पुऱ्याएको क्षतिलाई मध्य नजर राख्दै त्रियुगा नदीको व्यवस्थापनका लागि तयार गरिएको विस्तृत अध्ययन प्रतिवेदन (DPR) बमोजिम निर्माण गर्न आवश्यक संरचनाहरु छिटो विधीबाट निर्माण गर्नका लागि नियमानुसारको आवश्यक प्रक्रियाद्वारा सो कार्य गर्न/गराउनका लागि सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय :-
खाँडो नदी नियन्त्रणका लागि निर्मित संरचनाहरु मध्ये दिघवा र बिरौल खण्डमा मिति २०७६।०३।२८ गतेको बाढीले पुऱ्याएको क्षतिको तत्काल प्रतिकार्य एवं व्यवस्थापन गर्नुका साथै यस नदी क्षेत्रमा आगामी दिनमा आउन सक्ने जोखिम समेतलाई न्यूनीकरण गर्न सम्बन्धित कार्यालयले योजना बनाई बजेट व्यवस्थापन लगायतका सन्दर्भमा सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय :-
यस बाढीजन्य विपद्को अवस्थामा रोकथाम, उद्धार एवं राहत लगायतका कार्यहरुमा संलग्न सबैलाई सो कार्यहरुलाई निरन्तरता दिन तथा सम्पूर्ण व्यक्ति, संघ-संस्था, राजनैतिक दल, नागरिक समाज, पत्रकार, सरकारी कार्यालय, राष्ट्रसेवक कर्मचारी लगायतलाई सो कार्यमा स्वयं अग्रसरता लिई आवश्यकतानुसार संलग्न हुन आग्रह गर्ने निर्णय गरियो ।

प्रतिलिपी प्रमाणित

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सप्तरी, राजविराज

प्रशासकीय अधिकृत